# काठमाडौँ महानगरपालिका
# नेपाल भाषा प्रशिक्षण व्यवस्थासम्बन्धी
# कार्यविधि, २०७७

**स्वीकृत मिति : २०७७।९।२४**

<u>**प्रस्तावना :**</u> काठमाडौँ उपत्यकाको भाषा, रहनसहन, संस्कृति, सम्पदा लगायत नैतिक शिक्षाको महत्व बुझाउन काठमाडौँ महानगरपालिकाभित्रका विद्यालयहरु (आधारभूत तह) मा नेपाल भाषाको स्थानीय पाठ्यक्रम लागु गर्ने गरी २०७७/०७८ को काठमाडौँ महानगरपालिका नगर सभाले पारित गरेको नीति कार्यान्वयन गर्न नगर शिक्षा समितिबाट सिफारिस भई कार्यपालिका समेतबाट निर्णय भएकोले सोको कार्यान्वयनको लागि स्थानीय भाषा प्रशिक्षण गर्ने जनशक्तिको व्यवस्थापन गर्न आवश्यक भएकोले काठमाडौँ महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अख्तियार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०७७ पौष २४ को बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

### परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. <u>**सङ्क्षिप्त नाम र प्रारम्भ**</u> : (क) यस कार्यविधिको नाम **"काठमाडौँ महानगरपालिका नेपालभाषा प्रशिक्षण व्यवस्थासम्बन्धी कार्यविधि २०७७"** रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

२. <u>**परिभाषा**</u> **: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–**

(क) **"ऐन"** भन्नाले काठमाडौँ महानगरपालिकाको शिक्षा ऐन, २०७५ लाई सम्झनुपर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले काठमाडौँ महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) **"छनौट समिति"** भन्नाले यस कार्यविधिको दफा ६ को उपदफा १ मा उल्लेखित नेपाल भाषा प्रशिक्षण सहायक छनौट समितिलाई सम्झनुपर्छ।

(घ) **"प्रमुख"** भन्नाले काठमाडौँ महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ङ) **"प्रशिक्षण सहायक"** भन्नाले नेपालभाषा प्रशिक्षण गर्नका लागि सेवा करारमा लिइएका व्यक्तिलाई सम्झनुपर्छ ।

(च) **"विभाग"** भन्नाले काठमाडौँ महानगरपालिकाको शिक्षा विभागलाई सम्झनुपर्छ ।

(छ) **"महानगरपालिका"** भन्नाले काठमाडौँ महानगरपालिकालाई सम्झनुपर्छ ।

(ज) **"शिक्षा समिति"** भन्नाले काठमाडौँ महानगरपालिकाको शिक्षा समितिलाई सम्झनुपर्छ ।

(झ) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ३ मा उल्लेखित नेपाल भाषा व्यवस्था समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## नेपाल भाषा व्यवस्था समितिको गठन, बैठक र अधिकारसम्बन्धी व्यवस्था

३. **नेपाल भाषा व्यवस्था समिति** : (१) महानगरपालिका क्षेत्रभित्रका आधारभूत तह (१–८ कक्षा) का विद्यालयहरुमा नेपाल भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा देहायबमोजिमका पदाधिकारीहरु रहने छन् :-

| | | |
|---|---|---|
| (क) | कार्यपालिका अर्न्तगत गठित सामाजिक विकास समितिको संयोजक | - संयोजक |
| (ख) | प्रमुखले तोकेको कार्यपालिकाको सदस्य दुई जना | - सदस्य |
| (ग) | महानगरपालिकाको सहरी योजना आयोगले तोकेको आयोगको सदस्य एक जना | - सदस्य |
| (घ) | प्रमुखले तोकेको भाषा विज्ञ एक जना | - सदस्य |
| (ङ) | विभागका विभागीय प्रमुख | - सदस्य |
| (च) | विषय क्षेत्र हेर्ने विभागका अधिकृत कर्मचारी एक जना | - सदस्य सचिव |

४. **समितिको बैठक** : समितिको बैठकसम्बन्धी व्यवस्था देहायबमोजिम हुने छ ।

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) समितिको बैठक बस्ने सूचना समितिको सदस्य-सचिवले बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(घ) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(ङ) समितिको बैठकको अध्यक्षता समितिका संयोजकले र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले अध्यक्षता गर्ने छ ।

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।

(छ) समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(ज) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्ने छ ।

(झ) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुने छ ।

५. **समितिको काम, कर्तव्य र अधिकार** : दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :-

(क) नेपाल भाषा संरक्षण, प्रवर्धन तथा विकासका लागि आवश्यक कार्य गर्ने,

(ख) आधारभूत तह (१–८ कक्षा) का शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरुमा नेपाल भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ग) सामुदायिक विद्यालयहरुमा नेपाल भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक जनशक्तिको व्यवस्था गर्ने,

(घ) नेपाल भाषा प्रशिक्षण सहायकका उम्मेदवारहरुको छनौटको अन्तिम नतिजा प्रकाशन गर्ने,

(ङ) अन्तिम नतिजा प्रकाशन गर्दा कूल पद सङ्ख्याको २० (बीस) प्रतिशत बैकल्पिक नामावली प्रकाशन गर्ने,

(च) सफल उमेदवारले एक वर्ष नहुदै छोडेमा वा कुनै कारणले पद रिक्त भएमा बैकल्पिक उमेदवारहरुबाट मर्यादाक्रम अनुसार सेवा करारमा लिने,

(छ) संस्थागत विद्यालयहरुमा नेपाल भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय गर्ने, सहजीकरण गर्ने र जनशक्तिको व्यवस्थापन गर्न निर्देशन दिने,

(ज) नेपाल भाषा प्रशिक्षण कार्यक्रममा संलग्न जनशक्तिलाई तालिम, अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(झ) प्रशिक्षण सहायकको सेवा, सर्त एवम् सुविधा सम्बन्धमा महानगरपालिकालाई सिफारिस गर्ने,

(ञ) नेपाल भाषा प्रशिक्षणसम्बन्धी पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्न आवश्यक देखिएमा शिक्षा विभागको सिफारिसमा परिमार्जन गर्ने,

(ट) नियमित भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ठ) महानगरपालिका क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद–३

## <u>नेपाल भाषा प्रशिक्षण सहायक छनौट समितिसम्बन्धी व्यवस्था</u>

६. **<u>नेपाल भाषा प्रशिक्षण सहायक छनौट समिति</u>** : (१) सामुदायिक विद्यालयहरुमा नेपाल भाषा प्रशिक्षण सहायक पदपूर्ति गर्न महानगरपालिकामा देहायबमोजिमको एक नेपाल भाषा प्रशिक्षण सहायक छनौट समिति रहने छन : -

(क) विभागका विभागीय प्रमुख – संयोजक

(ख) प्रमुखले तोकेका नेपाल भाषा विषय विशेषज्ञ दुई जना – सदस्य

(ग) विभागीय प्रमुखले तोकेको एक जना अधिकृत कर्मचारी – सदस्य

(घ) शिक्षा विभागका शिक्षा अधिकृत कर्मचारी एक जना – सदस्य सचिव

(२) नेपाल भाषा विषय विशेषज्ञको पदावधि दुइ वर्षको हुने छ ।

(३) नेपाल भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक सङ्ख्यामा भाषा प्रशिक्षण सहायक छनौट गर्न प्रयोगात्मक र मौखिक परीक्षा सञ्चालन गरिने छ । प्रयोगात्मक-१०० र मौखिक-१० गरी जम्मा पूर्णाङ्क ११० मा परीक्षा सञ्चालन गरिने छ । प्रयोगात्मक परीक्षामा उत्तीर्णाङ्क ५० हुनेछ । प्रयोगात्मक परीक्षमा उत्तीर्ण परीक्षार्थीहरुलाई मात्र मौखिक परीक्षामा समावेश गरिने छ ।

७. **<u>नेपाल भाषा प्रशिक्षण सहायक छनौट समितिको काम, कर्तव्य र अधिकार</u> :** नेपाल भाषा प्रशिक्षण सहायक छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

(क) नेपाल भाषा प्रशिक्षण सहायक छनौटका लागि आवश्यकता अनुसार प्रयोगात्मक र मौखिक परीक्षा सञ्चालन गरी उपयुक्त उम्मेदवार छनौट गरी समितिलाई सिफारिस गर्ने ।

(ख) प्रयोगात्मक र मौखिक परीक्षा मूल्याङ्कनका लागि शिक्षा अधिकृत संयोजक र नेपाल भाषाका विषय विशेषज्ञ दुई जना गरी तीन सदस्यीय मूल्याङ्कन समिति गठन गर्न सक्ने छ । आवश्यकता अनुसार मूल्याङ्कन समिति गठन गरी प्रयोगात्मक र मौखिक परीक्षा लिन सक्ने छ ।

(ग) प्रयोगात्मक र मौखिक परीक्षा सञ्चालन र उपयुक्त उमेदवार छनौट कार्यविधि बनाई कार्यान्वयन गर्ने ।

(घ) नेपाल भाषा प्रशिक्षण सहायक पदपूर्ति समितिले पालना गर्ने अन्य मापदण्ड शिक्षक सेवा आयोगले तोकेको मापदण्डबमोजिम हुनेछ । सोही मापदण्डलाई आधार मानी परीक्षा सञ्चालन, व्यवस्थापन र नतिजा प्रकाशन गर्नेछ ।

## परिच्छेद–४

## <u>प्रशिक्षण सहायक छनौट गर्न विषय विशेषज्ञको योग्यतासम्बन्धी व्यवस्था</u>

८. **<u>विषय विशेषज्ञको योग्यता</u> :** नेपाल भाषा प्रशिक्षण सहायक छनौटका लागि विषय विशेषज्ञका लागि निम्न योग्यता पुगेको व्यक्तिबाट लिन सकिने छ :-

(क) नेपाल भाषा बोल्न र लेख्न सक्ने कार्यरत वा सेवानिवृत माध्यमिक शिक्षक वा अधिकृतस्तरको कर्मचारी ।

(ख) न्यूनतम शैक्षिक योग्यता स्नातक वा सोसरह उत्तीर्ण गरी नेपाल भाषाको पाठ्यपुस्तक लेखनसम्बन्धी अनुभव भएको ।

(घ) न्यूनतम शैक्षिक योग्यता स्नातक वा सोसरह उत्तीर्ण व्यक्तिलाई नेपाल भाषा संरक्षण र सम्बर्द्धन गर्ने दर्तावाला संस्थाले नेपाल भाषा बोल्न, लेख्न र प्रशिक्षण गर्न योग्य छ भनि दिएको सिफारिस पत्र ।

(ङ) विश्वविद्यालयमा नेपालभाषा प्राध्यापनमा संलग्न कार्यरत वा सेवा निवृत शिक्षक ।

## परिच्छेद–५

## प्रशिक्षण सहायक छनौट र योग्यतासम्बन्धी व्यवस्था

९. **छनौटसम्बन्धी प्रकिया** : प्रशिक्षण सहायकको छनौटसम्बन्धी प्रकिया देहायबमोजिम हुने छ :-

(क) प्रशिक्षण सहायक छनौट समितिले प्रशिक्षण सहायक छनौटको लागि प्रयोगात्मक र मौखिक परीक्षा सञ्चालन गर्नुपर्ने छ ।

(ख) प्रशिक्षण सहायक समितिले परीक्षाको लागि दरखास्त बुझाउनुपर्ने समायावधि, दरखास्त दस्तुर, दरखास्त बुझाउने स्थान, संलग्न गर्नुपर्ने कागजात, आवश्यक पर्ने योग्यता, परीक्षा सञ्चालन हुने मिति, समय र स्थानसमेत उल्लेख गरिएको १५ दिनको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने छ ।

(ग) प्रशिक्षण सहायक हुन चाहने उम्मेदवारले तोकिएको स्थानमा आवेदन पेस गर्नुपर्ने छ ।

(घ) आवेदन दस्तुर रु. ५००/- लाग्ने छ ।

१०. **भाषा प्रशिक्षकको योग्यता** : (१)नेपाल भाषा प्रशिक्षण कार्यक्रमका लागि प्रशिक्षण सहायकको उम्मेदवार हुन देहायबमोजिमको योग्यता हुनुपर्ने छ :–

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पूरा भएको ,

(ग) मानसिक अवस्था ठीक भएको,

(घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण भएको,

(च) नेपाल भाषा संरक्षण र सम्बर्द्धन गर्ने दर्तावाला संस्थाले नेपाल भाषा बोल्न, लेख्न र प्रशिक्षण गर्न योग्य छ भनि दिएको सिफारिस पत्र,

(छ) न्यूनतम एक वर्ष शिक्षण अनुभव भएका नेपाल भाषा बोल्न, लेख्न सक्ने व्यक्तिको हकमा उमेरको हद लाग्ने छैन ।

(ज) नेपाल भाषा विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेका महानगरबासीलाई ग्राह्यता दिइने छ ।

## परिच्छेद-६

## विविध

११. **आचारसंहितासम्बन्धी व्यवस्था :–** प्रशिक्षण सहायकले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्ने छ :–

(क) विभागले खटाएको विद्यालयमा निर्धारित समयमा उपस्थित भई तोकिएबमोजिम प्रशिक्षण गर्नुपर्ने,

(ख) कुनै राजनैतिक, साम्प्रदायिक तथा धर्म विरोधी भावना फैलाउने गरी कार्य गर्न गराउन नहुने,

(ग) राष्ट्रियता, भाषा र संस्कृतिको सम्मान गर्नुपर्ने,

(घ) सबैसँग शिष्ट र मर्यादित व्यवहार गर्नुपर्ने,

(ङ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रुपमा सहभागी हुनुपर्ने,

(च) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने,

(छ) राजनैतिक वा अवाञ्छित प्रभाव पार्न नहुने,

(ज) सङ्घ, प्रदेश र स्थानीय सरकारको आलोचना गर्न नहुने,

(झ) प्रदर्शन, थुनछेक, घेराउ, बन्द, हड्ताल गर्न नहुने,

(ञ) ढाँटछल गर्न नहुने, कसैलाई झुक्यानमा पार्न नहुने,

(ट) जानीजानी विद्यालयलाई कुनै प्रकारको हानि नोक्सानी हुने काम गर्न नहुने,

(ठ) आफ्नो सेवा र जिम्मेवारी अनुसारको आचरण पालना गर्नुपर्ने,

(ड) आवश्यकता परेमा एकभन्दा बढी विद्यालयमा गई प्रशिक्षण दिनुपर्ने,

(ढ) तोकिएबमोजिमका अन्य काम गर्नु गराउनुपर्ने ।

१२. **सेवा करारसम्बन्धी व्यवस्था:** (१) प्रशिक्षण सहायकसँग कम्तीमा एक वर्षको सेवा करार सम्झौता गरिने छ । निजहरुले सम्पादन गरेको काम सन्तोषजनक भएमा विभागको सिफारिसमा प्रत्येक वर्ष करार सम्झौताको नवीकरण गरि सेवालाई निरन्तरता दिन सकिने छ । प्रशिक्षण सहायकको काम सन्तोषजनक नभएमा सेवा करार नवीकरण गरिने छैन ।

(२) प्रशिक्षण सहायकले सेवा करार भङ्ग गर्न चाहेमा कम्तीमा ३५ दिन अगावै विभागमा निवेदन दर्ता गराउनुपर्ने छ ।

(३) प्रशिक्षण सहायकको कार्य सम्पादन सन्तोषजनक नभएमा सम्बन्धित विद्यालयको प्र.अ. को सिफारिसमा विभागले निजलाई १५ दिनको अग्रिम सूचना दिई सेवा करार भङ्ग गर्न सक्ने छ

(४) सेवा करारको ढाँचा अनुसूची–३ मा समावेश छ ।

१३. **सजाय** : (१) प्रशिक्षण सहायकले तोकिएबमोजिमको काम सन्तोषजनक रुपमा सम्पादन नगरेमा वा प्रचलित कानुन विपरित हुने गरि काम गरेको उचित र पर्याप्त कारण भएमा निजलाई देहायबमोजिमको सजाय गरिने छ :–

(क) सचेत गराउने,

(ख) पारिश्रमिक रोक्का राख्ने,

(ग) सेवा करार भङ्ग गर्ने,

(घ) क्षतिपूर्ति भराउने ।

(२) उपदफा (१) बमोजिम सजाय गर्नु अघि निजलाई सफाई पेस गर्ने मौका दिइने छ ।

१४. **आर्थिक दायित्व र निकासासम्बन्धी व्यवस्था** : प्रशिक्षण सहायकलाई प्रदान गरिने पारिश्रमिक तथा अन्य सुविधासम्बन्धी दायित्व र सोको निकासा प्रक्रिया देहाय बमोजिम हुनेछ :–

(क) प्रशिक्षण सहायकलाई दिइने पारिश्रमिक तथा अन्य सुविधाको दायित्व महानगरपालिकाले (आन्तरिक स्रोतबाट) व्यहोर्ने छ ।

(ख) सो दायित्व व्यहोर्नको लागि महानगरपालिकाले सालबसाली यस विषयको शीर्षकमा बजेट विनियोजन गर्ने छ ।

(ग) महानगरपालिकाले सालबसाली यस शीर्षकमा विनियोजन गरेको रकम विभागको सिफारिसमा प्रशिक्षण सहायकको सङ्ख्या अनुसार विद्यालयको खातामा अनुदान निकासा दिइने छ ।

(घ) प्रशिक्षण सहायकलाई सहायकस्तर चौंथो तहका कर्मचारीले पाउने सुरु स्केलसरहको सेवा सुविधा उपलब्ध गराइने छ ।

(ङ) प्रशिक्षण सहायकले सेवा करार संझौता गरि खटाइएको विद्यालयबाट पारिश्रमिक पाउने छन् ।

(च) प्रशिक्षण सहायकले किया बिदा, सुत्केरी बिदा, सुत्केरी स्याहार बिदा, भैपरी आउने बिदा र पर्व बिदा नियमानुसार पाउने छ । बिरामी बिदाबापत प्रति महिना एक दिनको दरले बिदा पाउने छ तर उक्त बिदा सञ्चित नहुने र सोबापत कुनै रकम भुक्तानी गरिने छैन ।

(छ) प्रशिक्षण सहायकलाई दरबन्दीमा कार्यरत शिक्षक सरह निवृत्तीभरण, उपदान, औषधी उपचार खर्च उपलब्ध गराइने छैन ।

(ज) प्रशिक्षण सहायकसँग प्रत्येक आर्थिक वर्ष आषाढ मसान्तसम्मका लागि सेवा करार गरिने छ ।

१५. **विभागको भूमिकासम्बन्धी व्यवस्था :** प्रशिक्षण सहायक व्यवस्थापन सम्बन्धमा विभागको भूमिका देहायबमोजिम हुने छ :–

(क) नेपाल भाषा व्यवस्था समितिको सचिवालयको रुपमा कार्य गर्ने,

(ख) प्रशिक्षण सहायकको छनौटसम्बन्धी कार्यहरु सम्पादन गर्ने,

(ग) प्रशिक्षण सहायकहरुसँग सेवा करार गरी महानगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा खटाइएका प्रशिक्षण सहायकको कामको अनुगमन गर्ने,

(घ) प्रशिक्षण सहायकहरुलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ङ) निर्देशानुसार सेवा गरेको नपाइएमा करार सेवा भङ्ग गर्नेसम्मका आवश्यक कार्य गर्ने,

(च) सबै सामुदायिक विद्यालयहरुलाई पाठ्यकम र पाठ्यपुस्तक तथा आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउने,

(छ) प्रशिक्षण सहायकलाई दिईने पारिश्रमिकको यकीन गरि सोको भुक्तानीका लागि महानगरपालिकाको वित्त विभागमा सिफारिस गर्ने,

(ज) सबै सामुदायिक तथा संस्थागत विद्यालयका प्रशिक्षण सहायक र शिक्षकहरुको तालिम सञ्चालन गर्ने,

(झ) नेपाल भाषाका विषय विशेषज्ञहरुको १५ दिने सूचना प्रकाशन गरि दरखास्त लिई विषय विशेषज्ञको सूची अभिलेखिकरण गर्ने,

(ञ) विद्यालयको आपसी सहमतिमा प्रशिक्षण सहायकहरुलाई एक विद्यालयबाट अर्को विद्यालयमा खटाउने,

(ट) प्रशिक्षण सहायक छनौटका लागि Question Bank तयार गर्ने,

(ठ) आवश्यक अन्य कार्य गर्ने, गराउने ।

१६. **<u>सामुदायिक विद्यालयको भूमिकासम्बन्धी व्यवस्था</u>** : प्रशिक्षण सहायक व्यवस्थापन सम्बन्धमा सामुदायिक विद्यालयको भूमिका देहायबमोजिम हुने छ :-

(क) विभागले खटाएको प्रशिक्षण सहायकलाई हाजिर गराई काममा लगाउने,

(ख) मासिक रुपमा प्रशिक्षकलाई दिइने पारिश्रमिक माग गर्ने,

(ग) सेवा गरेको महिना भुक्तान भएपछि पारिश्रमिक दिने,

(घ) निजले गरेको कामको नियमित अनुगमन गरि निजलाई पृष्ठपोषण दिने र शिक्षा विभागलाई चौमासिक रुपमा प्रतिवेदन उपलब्ध गराउने,

(ङ) निजलाई आवश्यक पर्ने शैक्षिक सामग्री उपलब्ध गराउने ,

(च) चौमासिक हाजिरी विवरण विभागमा पठाउने,

(छ) भाषा प्रशिक्षणको लागि विभागबाट आयोजना गरिने तालिम कार्यक्रममा आफ्नो विद्यालयको प्रशिक्षण सहायकलाई सहभागी गराउने,

(ज) तोकिएबमोजिमका अन्य कार्य गर्ने, गराउने ।

१७. **<u>संस्थागत विद्यालयको भूमिकासम्बन्धी व्यवस्था</u>** : प्रशिक्षण सहायक व्यवस्थापन सम्बन्धमा संस्थागत विद्यालयको भूमिका देहायबमोजिम हुने छ :–

(क) आधारभूत तहमा नेपाल भाषा प्रशिक्षणको लागि आवश्यक जनशक्तिको व्यवस्था गरी प्रशिक्षणमा सहभागी गराउने,

(ख) महानगरपालिकाले तोकेको पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्ने,

(ग) विभागले उपलब्ध गराएको नेपाल भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको विद्युतीय प्रति छपाई गरि शिक्षक र विद्यार्थीहरुलाई उपलब्ध गराउने,

(घ) तोकिएबमोजिमका अन्य कार्य गर्ने गराउने ।

१८. **पारिश्रमिक र बैठक भत्तासम्बन्धी व्यवस्था** : नेपाल भाषा प्रशिक्षण सहायक छनौटमा संलग्न विषय विशेषज्ञ, कर्मचारीहरुको पारिश्रमिक र समितिका पदाधिकारीहरुको बैठक भत्ता, प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन र सूचना प्रकाशनमा लाग्ने खर्च महानगरपालिकाले व्यहोर्ने छ । परीक्षामा लाग्ने खर्चसम्बन्धी व्यवस्था महानगरपालिकाले तोकेबमोजिम हुने छ ।

१९. **कार्यविधिका अनुसूचीमा थपघट गर्ने अधिकारः** नेपाल भाषा व्यवस्था समितिले आवश्यकता अनुसार यस कार्यविधिमा रहेका अनुसूचीमा थपघट गर्न तथा संशोधन गर्न सक्ने छ ।

२०. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्ने सन्दर्भमा कुनै बाधा अड्काउ आइपरेमा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

## अनुसूची-१

प्रयोगात्मक परीक्षाको पाठ्यक्रम

पुर्णाङ्क : १००                                        उत्तीर्णाङ्क ५०

प्रयोगात्मक परीक्षाको भाषाको माध्यम : नेपालभाषा वा जुन भाषामा प्रश्न सोधिएको छ सोही भाषामा उत्तर दिनुपर्ने छ ।

| सि.नं. | विषय क्षेत्र | पूर्णाङ्क १०० | कैफियत |
|---|---|---|---|
| खण्ड (क) नेपाल भाषासम्बन्धी विषयवस्तु | | ६० | |
| १ | भाषा तथा संस्कृतिसम्बन्धी नविनतम् विषयहरु | | |
| २ | नेपाल भाषा | | |
| ३ | नखःचखः व भेषभुषा | | |
| ४ | सीप, कलाकौशल व व्यवसाय | | |
| ५ | संस्कार | | |
| ६ | सम्पदा | | |
| ७ | नैतिक शिक्षा | | |
| ८ | भौगोलिक स्वरुप व प्राकृतिक स्वरुप | | |
| ९ | स्वास्थ्य, शारीरिक, ‘‘सुचुकुचु’’ व कासा | | |
| १० | व्यक्ति म्हसिका | | |
| ११ | लिपि | | |
| १२ | विद्यालय तहको वर्तमान पाठ्यक्रम, पाठ्यक्रमको ढाँचा र यसको महत्व | | |
| १३ | नेपाल भाषा कक्षा (१-८) को पाठ्यक्रम २०७७ | | |
| १४ | मूल्याङ्कन, विद्यालय तहको वर्तमान मूल्याङ्कन प्रणाली र यसको महत्व | | |
| १५ | शैक्षणिक योजना, महत्व र कार्यान्वयन | | |

| | | | |
|---|---|---|---|
| | | | |
| खण्ड (ख) विषय शिक्षण | | २० | |
| १६ | नेपाल भाषा शिक्षण | | |
| १७ | गणित शिक्षण | | |
| १८ | अङ्ग्रेजी शिक्षण | | |
| १९ | सामाजिक शिक्षण | | |
| २० | विज्ञान शिक्षण | | |
| खण्ड (ग) समसामयिक | | २० | |
| २१ | नेपालको संविधान | | |
| २२ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | | |
| २३ | शिक्षासम्बन्धी कानुनी ज्ञान | | |
| २४ | नेपाल भाषाको ऐतिहासिक विकासक्रम | | |
| २५ | बौद्ध, हिन्दू र अन्य विविध दर्शनहरु | | |
| जम्मा | | १०० | |

## अनुसूची-२

**<u>सेवा करारको ढाँचा</u>**

काठमाडौँ महानगरपालिका, शिक्षा विभाग (प्रथम पक्ष) र नेपाल भाषाको प्रशिक्षण सहायकको रुपमा कामकाज गर्ने व्यक्ति/संस्था श्री ....................................... ठेगाना .......................... काठमाडौँ भएका (दोस्रो पक्ष) बीच तपसिलमा लिपिवद्ध सर्त एवम् बन्देजहरु पालना गर्ने गराउने गरि प्रथम पक्षबाट काठमाडौँ महानगरपालिका मातहत सञ्चालित सामुदायिक विद्यालयहरुमा गई आधारभूत तहमा लागु गरिएको स्थानीय पाठ्यक्रम नेपाल भाषाको प्रशिक्षण/सिकाई सहजीकरण गर्ने प्रयोजनको लागि काठमाडौँ महानगरपालिका, शिक्षा विभागमा बसी तपसिलबमोजिमका साक्षी रोहबरमा दुवै पक्षले दस्तखत गरि एक/एक प्रति बुझि लियौं/ दियौं ।

**(क) <u>प्रथम पक्षबाट पालन गर्नुपर्ने सर्त बन्देज र दायित्व</u>** :

१. महानगरपालिकाले तोकेबमोजिम मासिक पारिश्रमिक रकम रु. .........का दरले उपलब्ध गराउने र एक महिना बराबरको रकम चाडपर्व खर्च स्वरुप प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

२. प्रशिक्षण सहायकलाई किरिया बिदा, सुत्केरी बिदा, सुत्केरी स्याहार बिदा, भैपरी आउने बिदा र पर्व बिदा नियमानुसार उपलब्ध गराइने छ । बिरामी बिदा प्रति महिना एक दिनका दरले उपलब्ध गराइने छ तर उक्त बिदा संचित नहुने र सोबापत कुनै रकम भुक्तानी गरिने छैन ।

३. प्रशिक्षण सहायकलाई निवृत्तिभरण, उपादान, औषधी उपचार खर्च उपलब्ध गराइने छैन ।

४. दोस्रो पक्षको कार्य सन्तोषजनक नभएमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकको सिफारिसमा १५(पन्ध्र) दिन अगावै अग्रिम सूचना दिई यो सेवा करार भङ्ग गर्न सकिने छ ।

५. प्रशिक्षण सहायकसँगको सेवा करार ....................................... अवधिसम्मका लागि लागु हुने छ ।

६. नेपाल भाषा प्रशिक्षण गर्न खटाईएको विद्यालय देहायबमोजिम तोकिएको छ :-

(क)

(ख)

**(ख) <u>दोस्रो पक्षबाट पालना गर्नुपर्ने सर्त, बन्देज र दायित्व :</u>**

१. प्रथम पक्षले खटाएको विद्यालयमा गई नेपाल भाषा प्रशिक्षण गर्ने ।

२. प्रचलित शिक्षा ऐन र शिक्षा नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिकाबमोजिम शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता पूर्ण रुपमा पालन गर्ने ।

३. विद्यालयले जिम्मा दिएको विषयमा उच्च सिकाई उपलब्धि हासिल गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्नुका साथै विद्यालयबाट निर्धारण गरिएको दैनिक कार्यतालिका अनुसार प्रशिक्षण गर्ने ।

४. विद्यालयले सञ्चालन गर्ने सबै क्रियाकलापमा सक्रिय सहभागिता जनाउने ।

५. विद्यालय तहको नेपाल भाषा प्रशिक्षण सहायक भएकोमा गर्व गर्दै विद्यालयको प्रगतिको लागि समर्पित हुने ।

६. विद्यालयमा कुनै पिरियड (कक्षा) खाली भएमा विद्यालयले तोकेबमोजिम सिकाईसम्बन्धी क्रियाकलाप र अन्य कार्यमा सहभागी हुने ।

७. बालमैत्री र भयरहित प्रशिक्षण क्रियाकलापको अवलम्बन गर्ने ।

८. काठमाडौँ महानगरपालिका, विद्यालय व्यवस्थापन समिति एवम् विद्यालयका प्रधानाध्यापकप्रति उत्तरदायी रहनुपर्ने ।

९. सङ्घ, प्रदेश, स्थानीय सरकार र विद्यालयको आलोचना गर्न नहुने ।

(ग) यस सम्झौता पत्रमा उल्लेख नभएका विषयहरु काठमाडौँ महानगरपालिका नेपाल भाषा प्रशिक्षण व्यवस्थासम्बन्धी कार्यविधि २०७७ ले तोकेबमोजिम हुनेछ ।

(घ) यो सम्झौता पत्र कार्यान्वयन गर्ने क्रममा कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन विपरित नहुने गरी आपसी सहमतिमा समाधान गरिने छ । सहमतिमा विवाद समाधान हुन नसके प्रथम पक्षको निर्णय अन्तिम हुने छ ।

| | |
|---|---|
| दोस्रो | प्रथम पक्षः |
| नाम : | नाम : |
| पदः प्रशिक्षण सहायक | पदः ……………… |
| दस्तखतः | दस्तखतः |

कार्यालयको छाप

साक्षीको नाम

१. श्री ......................................................... दस्तखत

२. श्री .......................................................  दस्तखत

*मितिः .......     साल ..........महिना .....गते .........रोज ...शुभम्*